गण्डकी गाउँपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

# गण्डकी गाँउपालिकाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) छनौट तथा व्यवस्थापन कार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०९/२८

प्रमाणिकरण मिति २०७८/०९/२९

गण्डकी गाउँपालिका
गोरखा
गण्डकी प्रदेश, नेपाल

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ पौष २८ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाँउपालिकाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) छनौट तथा व्यवस्थापन कार्यविधि, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु।

०७८।९।२९

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०९/२९

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

गण्डकी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुन्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

# गण्डकी गाँउपालिकाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) छनौट तथा व्यवस्थापन कार्यविधि, २०७८

प्रमाणिकरण मिति: २०७८।०९।२९

## १.प्रस्तावना :

विस्तृत परियोजना प्रतिवेदन (DPR ) निर्माण र यससित जोडिएका विभिन्न समस्याहरुलाई निराकरण तथा सामाधान गरि गाँउपलिकको दिगो पूर्वाधार विकासमा टेवा पुर्याउन वान्छनीय भएकोले गण्डकी गाँउपलिकाले स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ११ उपदफा २ (छ) बमोजीम यो कार्यविधि तयार गरि कार्यपालिकाको निर्णय अनुसार संचालन मा ल्याएको छ ।

## २.संक्षिप्त नाम र परिचय:

क) यो कार्यविधिको नाम "गण्डकी गाँउपालिकाको विस्तृत परियोजना प्रतिवेदन (DPR) छनौट तथा व्यवस्थापन गर्न वनेको कार्यविधि " २०७८ रहने छ ।

ख) यो कार्यविधि तत्काल लागु हुनेछ ।

## ३.परिभाषा:

क) "कार्यविधि" भन्नाले डि.पि.आर. छनौट संम्वन्धि कार्यविधि लाई जनाउदछ ।

ख) "गाउँपालिका" भन्नाले गण्डकी गाउँपालिका बुझाउँदछ ।

ग) "स्थानिय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिमको गण्डकी गाउँपालिका लाई संम्झनु पर्दछ ।

घ) "छनौट समिति" भन्नाले यस कार्यविधि अनुरुपको समितिलाई बुझाउँदछ ।

ङ) "कन्सल्ट्यान्ट" अथवा Third Party भन्नाले डि.पि.आर. तयार गर्ने फर्म वा सुचिकृत ईन्जिनियर वा बिशेषज्ञ लाई बुझाउदछ ।

## ४. छनौट तथा व्यवस्थापन समिति:

विस्तृत परियोजना प्रतिवेदन छनौट तथा व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन । साथै आवस्यकता को आधारमा समितिले विज्ञहरुको पृष्टपोशण तथा सुझाव हरु ग्रहण गर्न सक्ने छ ।



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(क)गाउँपालिका अध्यक्ष: .....संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष: .....सदस्य

(ग)प्रमुख प्रशासकिय अधिकृत .....सदस्य

(घ)पुर्वाधार विकास समिति संयोजक .....सदस्य

(ङ)वित्तिय शाखा प्रमुख .....सदस्य

(च)गाउँ कार्यपालिका सदस्यहरु मध्यबाट कम्तिमा १ जना महिला .....सदस्य

(छ)पूर्वाधार विकास एवं भवन नियमन शाखा प्रमुख ..सदस्य सचिव

## ५. विस्तृत परियोजना प्रतिवेदन (DPR) छनौट गर्दा अपनाइनु पर्ने आधारभूत मापदण्डहरु:

विस्तृत परियोजना प्रतिबेदन तयारीका निमित्त योजनाहरुको छनौट र प्रस्ताव का लागि निम्न अनुसारको मापदण्डहरु लागु गरिएको छ :

१. विस्तृत परियोजना छनौट तथा प्रस्ताव गर्दा आवधिक योजनामा उल्लेख भएका योजनाहरुलाई प्रथम प्राथमिकता दिनु पर्ने छ।

२. छनौट गरिएको योजना, स्थानीय स्तरमा रोजगार सृजना गर्ने , गरिवी निवारणमा टेवा पुर्याउने र बढी भन्दा बढी जनता र क्षेत्रलाइ समेट्ने खालको हुनु पर्ने छ।

३. ब्रिस्तित परियोजना छनौट तथा प्रस्ताव गर्दा वस्ती स्तरवाट आएका योजनाहरुलाई समेट्नु पर्ने छ।

४. छनौट गरिएको योजनाले बन्चितीकरण मा परेका समुदाय , दलित, महिला , अपांग , बालबालिका आदि लाई समेट्ने खालको हुनु पर्ने छ।

५. स्थानीय श्रोत साधन , शिप प्रयोगमा आउने र स्थानीय मौलिक संस्कृति तथा पहिचान झल्किने किसिमका योजनाहरु छनौट मा प्राथमिकता दिनु पर्ने छ।

## ६.विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा अपनाइनु पर्ने आधारभूत मापदण्डहरु:

विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने क्रममा यसको गुणस्तर, दिगोपन र आवस्यकता अनुरुपको डिजायन र लगत प्राप्त होस् भन्ने उदेश्यले निम्न अनुसारको मापदण्डहरु रखिएको छ । उल्लेखित



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मापदण्डका अतिरिक्त आवश्यकता र औचित्यको आधारमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने व्यक्ति वा निकाय वाट कार्यालयले प्रतिवेदन संग सम्बन्धित अन्य थप कार्य वा परामर्शको सेवा लिन सक्ने छ।

१. डि.पि.आर तयार पार्ने प्राबिधिक को हकमा नेपाल ईन्जिनियरिङ परिषद् मा सुचिकृत भएको हुनु पर्नेछ।फर्म(कन्सल्टेन्सि) अनुभवि एवं सम्बन्धित निकायमा सुचिकृत हुनु पर्नेछ।

२. डि.पि.आर. मा निर्माण स्थललाई मध्यनजर गर्दै उक्त स्थानको भौगोलिक ,यातयात,निर्माण सामग्रिकोउपलब्धता,लाभान्वित समुदायको आर्थिक अवस्था र निर्माण पश्चात हुन सक्ने आर्थिक,सामाजिक एवं सांस्कृतिक जिबनस्तर मा पार्ने सकरात्मक वा नकरात्मक प्रभाव बारे पनि बिष्लेषण गरिएको हुनु पर्नेछ।

३. डि.पि.आर मा प्रष्ट्र देखीने र वुजिने गरि डिजाइनर तथा कन्सल्टेन्सिको छाप एवं दस्तखत समावेस गरिएको हुनुपर्ने छ।

४. डी. पी. आर तयारगर्ने निकायले प्रस्तावित संरचनाको सम्भावित भबिस्यमा आइ पर्ने प्रकोप( Disasater) तथा अन्य वातावरणजन्य(Enviromental) चुनौतीहरुलाई गणना गरि तेस्लाई सामना गर्ने गरि तयार गर्नु पर्ने छ।

५. डिपिआर तयार गर्ने निकायले , फिल्डमा गरिने कार्य जस्तो सर्वे , माटो परिक्षण आदि जस्ता कार्यहरुको पुष्ट्याइ हुने फिल्ड बुक तयार गरेको हुनुपर्ने छ।

६. डिपिआर तयार गर्ने निकाय ले फिल्डमा कार्यगर्दा कार्यालयको प्रतिनिधी को रोहवरमा वा स्वीकृति पश्चात मात्र कार्य गर्नुपर्ने छ र फिल्डमा पछि निर्माण चरणलाइ आवश्यक वेन्चमार्क ( Benchmark) , चेनेज (Chainage) जस्ता अति आवश्यक लाइन लेवलको स्पस्ट ब्यबस्था गरि तेस्को पष्ट्याई हुने विवरण कार्यालय लाइ बुजाउनु पर्ने छ।

७. डि. पी. आर. तयार गर्दा प्रचलित , मापदण्ड (Standard), सम्बन्धित एन , कार्यविधिलाइ आधार बनाइ दिर्गकालिन बिकासमा टेवा पुग्ने गरि तयार गरिएको हुनुपर्ने छ।

८. सडक, सिंचाई , ढल जस्ता कार्यहरुको डिपिआर तयार गर्दा ती संरचनाहरुलाई पानीको प्रकोप वाट बचाउन स्पष्ट नालीको ब्यबस्था तथा तेस्लाई ब्यवस्थापन (Dispose) गर्ने क्षेत्र तथा संरचनाको ब्यवस्था गरेको हुनुपर्ने छ।

९. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा माटो स्थरिकरण (Soil Stabilization) तथा (Bio engineering) को स्पष्ट ब्यबस्था गरिएको हुनुपर्ने छ।

७८।८।२८

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

१०. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा काटिएको माटोको मात्रा (Soil Cutting Volume) लाइ सन्तुलन गरिएको तथा अतिरिक्त माटोको मात्रालाई व्यबस्थापन गर्ने क्षेत्र र आवस्यक संरचनाको उल्लेख गरिएको हुनुपर्ने छ।

११. विस्तत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा तेस परियोजना निर्माण लाइ आबस्यक सामग्री (Resources) को स्पष्ट लेखा जोखा गरि तेस्को उपलब्धता एवं उपलब्ध छेत्रको निर्धारण तथा दुरी उल्लेख गरिएको हुनुपर्ने छ।

१२. विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गर्दा लागत लाभ विश्लेषण(Cost Benefit Analysis) गरिएको तथा प्रति व्यक्ति लागत (Per capita cost) खुलाइएको हुनुपर्ने छ।

१३. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा खासगरी ठुला र संवेदनशिल प्रकृतिका आयोजनाहरु जस्तो सडक सिंचाई हाइड्रोपावर आदि प्रकारका आयोजनाको प्रतिबेदनमा बातावरणिय परिक्षण (IEE / EIA) प्रतिबेदन समेत तयार गर्नु पर्ने छ।

१४. विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गर्ने निकायले प्रतिवेदनमा प्रस्ताव गरेको हरेक निर्माण वस्तु (Items) हरुमा तेस सित संम्वन्धित न्रम्सं (Norms) तथा स्पेसिफिकेशन (Specification) खण्ड (Clause) उल्लेख गरेको हुनुपर्ने छ।

१५. विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गर्ने निकायले डिजायन स्टिमेट तयार गर्दा सम्बन्धित Quantity, Rate आदि सेल (Cell) हरु एक आपसमा इन्टर लिंक (Inter Link) गरेको हुनुपर्ने छ।

१६. विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गर्ने निकायले दर बिस्लेशन गर्दा प्रमाणित पालिका वा जिल्ला दर मात्र प्रयोग गर्नु पर्ने छ।

१७. विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गर्ने निकायले प्रतिवेदन तयार गर्दा, फिल्ड बुक, डिजाइन, इस्टिमेट , दर(Rate) विश्लेषण, ड्रोइंग, वातवरणिय अध्यन प्रतिवेदन आदिका छुट्टा/छुट्टै प्रतिवेदन तयार गरि पेश गर्नु पर्ने छ।

१८. विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गर्ने निकायले सडक, खानेपानी , सिंचाई जस्ता योजना हरुको डि पि आर तयार गर्दा प्रतिवेदनमा समावेस सम्पूर्ण संरचना हरुको चेनेजवाइज ड्इङ्ग स्पट बुजिने डाइमेन्शन खुलाएर तयार गरि बुजाउनु पर्ने छ।

१९. विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गर्ने निकायले सार्वजनिक भवनहरुको प्रति वेदन तयार गर्दा छुट्टा छुट्टै , ट्रेन्च प्लान , फाउण्डेशन प्लान , साइट प्लान , फ्लोर प्लान, रुफ प्लान , स्टेयर केश प्लान तथा सेक्सन , बिम प्लान तथा सेक्सन , स्ल्याव प्लान तथा सेक्सन, कोलुमं प्लान तथा सेक्सन,

भवन को पूर्ण सेक्सन , water supply and sanitation, whole electrification, Location Map, Detailed bar bending, चारै मोहोडाको छुट्टा छुट्टै इलिभेशन सहितका सम्पूर्ण आबस्यक नक्साहरु समावेश गर्नु पर्ने छ ।

२०. विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गर्ने निकायले आयोजनाको प्रकृति र लागतलाई विस्लेषण गरि आयोजना निर्माणका लागि अपनाहिने विधि (Approach ) का बारेमा सुजाव पेश गर्न सक्ने छ ।

२१. विस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गन निकायले प्रतिवेदन पूर्ण रुपले तयार गरि सके पछि मस्यौदा साझेदारी(Draft sharing) कार्यशाला गोस्टिको आयोजना गरि त्यस संग सम्बन्धित सम्पूर्ण सुचना साझेदारी गरि आवस्यक सुझाव तथा पृष्टपोसण प्राप्त गरि प्रतिवेदनलाइ अन्तिम रुप दिनु पर्ने छ । कार्यशालामा संबन्धित क्षेत्रका बिसेषग्य, कार्यपालिका सदस्य , सम्बन्धित शाखाका शाखा प्रमुख तथा कर्मचारिहरु सहभागी हुने छन् ।

२२. तयार डि.पि.आर. कहि कतै वा अन्यसंग साभार नगरिएको वा मेल नखाने हुनु पर्नेछ र डिजायन मा कुनै त्रुटी वा कमजोरी फेला परेमा स्वयं प्रतिवेदन तयार गर्ने निकाय वा व्यक्ति कारवाई को भागिदार बन्नु पर्ने छ ।

## ७. संसोधन एवं खारेजी :

क) डि.पि.आ छनौट प्रकृया सम्बन्धि कार्यविधि संसोधन वा खारेज गर्नु परेमा गाँउ कार्यपालिकाले गर्न सक्नेछ ।

ख) यो कार्यबिधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यबिधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन तथा नियम अनुसार हुनेछ ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित कानुन वा स्थानिय सरकार सञ्चालन ऐन-२०७४ संग बाझिएको हदमा स्वत: निष्कृय हुनेछ ।

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ पौष २८ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाँउपालिकाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) छनौट तथा व्यवस्थापन कार्यविधि, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु ।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०९/२९

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner